"समृद्ध दोलखाको आधार, शिक्षा, स्वास्थय, जलश्रोत, पर्यटन, व्यवसायिक कृषि र पुर्वाधार"

# दोलखा जिल्लाको समग्र विकास र समृद्धिका लागि छैठौ जिल्ला सभा २०७८ बाट पारित साझा प्रतिवद्धता पत्र

## भीमेश्वर नगरपालिका, जिरी नगरपालिका, तामाकोशी, मेलुङ, शैलुङ, कालिञ्चोक, विगु, गौरीशंकर र बैतेश्वर गाँउपालिका

# जिल्ला समन्वय समिति

## चरिकोट, दोलखा

२०७८

**नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम समृद्ध दोलखा, सुखी दोलखालीको नारालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्दै संघीय शासन प्रणालीको मर्मलाई स्थापित गराउने उद्धेश्य र दायित्व स्थानीय सरकारको भएकोले सो दायित्व पुरा गर्न हामी दोलखामा रहेका जिल्ला समन्वय समिति र स्थानीय सरकारका पदाधिकारीहरुले छैठौ जिल्ला सभा मार्फत देहाय बमोजिमको साझा प्रतिवद्धता घोषणा गर्दै कार्यान्वयनमा ल्याउने निर्णय गरेका छौ ।**

१. दोलखाका नौवटै पालिकाहरुमा रहेका महत्वपुर्ण पर्यटकिय स्थलहरुको विकास र सम्वृद्धिका लागि सबै स्थानीय तहहरुबाट प्राथमिकतापूर्वक वजेट र कार्यक्रमको व्यवस्था गर्ने ।

२. दोलखाका सबै स्थानीय तहहरुले जिल्ला तथा आफ्नो पालिका क्षेत्र भित्र पर्यटकको वसाई लम्वाउन पर्यटनलाई पर्यापर्यटन र धार्मिक पर्यटनसँग आवद्ध गर्दै स्थानीय धर्म, सस्कृति, परम्परा र विविधताको उचित संरक्षण र प्रवर्द्धनमा जोड दिने ।

३. दोलखा जिल्लाको समृद्धिको लागि महत्वपूर्ण मानिने भीमेश्वर नगरपालिका वडा नं.–९ लाकुरीडाँडामा प्रारम्भ भएको नेपाल चलचित्र नगरी (फिल्म सिटी) निर्माण कार्यलाई तीव्रता दिन दोलखाका सवै स्थानीय तहहरुले आवश्यक समन्वय र सहयोग उपलब्ध गराउने ।

४. सडक तथा ऊर्जा विकास, उद्योग, पर्यटन, वन तथा वातावरण, शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई जस्ता साझा विषयमा सबै स्थानीय तहहरुले एकीकृत नीति, कार्यक्रम र योजना तयार गरी कार्यान्वयन गर्न पहल गर्ने र नागरिक सेवालाई प्रभावकारी, सरल  र पहुँचयोग्य बनाउन आवश्यक प्रवन्ध मिलाउने ।

५.दोलखा जिल्लालाई अर्गानिक उत्पादन जिल्ला घोषणा गर्न सवै स्थानीय तहहरुको तर्फबाट नीति, कार्यक्रम र वजेटको व्यवस्था गर्ने । वडास्तरबाट विशेष उत्पादन पकेट क्षेत्र घोषणा गर्दै विशेष उत्पादनमा आधारित अर्गानिक स्थानीय तह घोषणा गर्न आवश्यक नीति तथा कार्ययोजना तयार गर्ने ।

६. दोलखा जिल्लाका सबै स्थानीय तहहरुमा व्यवसायिक कृषि तथा पशुपालनका लागि युवा जनशक्तिलाई आव्हान एवं उत्प्रेरित गर्ने र व्यवसायिक कृषि उत्पादनमा लाग्ने जनशक्तिलाई अनुदान सहित लगानी र बजारको सुनिश्चितता दिदै बैदेशिक रोजगारी माथिको निर्भरतालाई निरुत्साहित गर्ने । कृषि क्षेत्रको जोखिमलाई वीमा र सहकारिमार्फत न्यूनीकरण गर्नका लागि आवश्यक प्रवन्ध मिलाउने ।

७.पेशा, व्यवसाय एवं उद्यमीको रुपमा राष्ट्रिय अन्तर्राष्ट्रिय पहिचान बनाउन सफल जिल्ला बाहिर रहेका दोलखालीहरुलाई मातृभूमिमा लगानी गर्नका लागि आव्हान गर्ने । लगानीका लागि सबै स्थानीय तहहरुले प्राथमिकता प्राप्त क्षेत्रहरुको सूची निर्माण गर्दै आवश्यक पूर्वाधार निर्माण, कर तथा शुल्कमा छुट जस्ता प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्दै लगानि मैत्री वातावरण श्रृजना गर्ने।

८.विकासका साझेदार गैरसरकारी संघसंस्थाहरुलाई जिल्ला तथा स्थानीय तहहरु सँग सहकार्य गर्ने अनुकुल वातावरण श्रृजना गर्ने साथै जिल्लामा संचालित गैरसरकारी संस्थाको काम, कारवाही र गतिविधिको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षणलाई स्थानीय तहहरुले प्रभावकारि बनाउने । जिल्ला समन्वय समितिको कार्यालयमा जिल्लामा क्रियाशील सबै गैरसरकारी संस्थाहरुको सूची अद्यावधिक गर्ने र यस्ता संस्थाहरुका कार्य र क्रियाकलापहरुको चौमासिक समीक्षा गर्ने प्रवन्ध मिलाउने ।

९. दोलखा जिल्लाका स्थानीय तहहरुमा रहेका ७४ वडाको केन्द्र तथा प्रत्येक स्थानीय तहको केन्द्रमा हेलिप्याड निर्माण कार्यलाई उच्च प्राथमिकता दिदै यसै आ.व. भित्रमा निर्माण सम्पन्न हेलिप्याड भएको सुनिश्चितता गरिने

१०.स्वच्छ, सफा र हराभरा शहर तथा वस्ती निर्माणका लागि फोहोर मैला व्यवस्थापन अनिवार्य प्रमुख सर्त मानिन्छ । आफ्नो क्षेत्र भित्रको फोहोरको उचित व्यवस्था गर्ने स्थानीय सरकारको दायित्व र जिम्मेवारीलाई आत्मासाथ गर्दै यसका लागि आवश्यकता अनुसार प्रत्येक स्थानीय तहहरुले एकल तथा साझा सरसफाई केन्द्र निर्माणका लागि पहल गर्ने ।

११.प्राकृतिक प्रकोप र विपदको बेलामा जिल्लाको कुनै पनि भागमा बाढी पहिरो, आगलागी, भूःक्षय आदीबाट धन, जनको क्षति भएमा सवै स्थानीय तहहरुले सहकार्य र समन्वयको सिद्धान्त अनुसार समन्वयात्मक पहल र प्रयासबाट तत्काल राहत, उद्धार र पुनर्स्थापनामा सघाउ पुर्‍याउने । त्यसका लागि चरिकोट अस्पतालमा स्थापित साझा विपद् व्यवस्थापन कोषमा सबैको सहभागितालाई निरन्तरता दिने ।

१२.दोलखा जिल्लाको मुख्य प्रवेश मार्ग भीमेश्वर नगर पालिका वडा नं.–९ स्थित निगालेमा पर्यटन सूचना केन्द्र सहितको स्वागतद्वार निर्माणधिन अवस्थामा रहेको र तामाकोशी गाउँपालिकाको किर्नेटार र जिरी नगरपालिकाको खिम्ती खोला पुल शिउरानी(गोकुलगंगाको सिमानामा) पनि स्वागतद्वार निर्माण गर्न सम्वन्धित स्थानीय तहहरुले प्राथमिकताका साथ योजना निर्माण गरी कार्यान्यनमा लैजाने ।

१३.स्थानीय उत्पादनलाई प्रोत्साहन र प्रवर्द्धन गर्न दोलखाका नौ वटै स्थानीय तहहरुमा संकलन केन्द्र तथा बिक्रीकक्ष (कोशेली घर) स्थापना र संचालन गर्न सहकार्य गरी "एक पालिका - एक औद्योगिक ग्राम" को अवधारणालाई जोड दिई कार्यान्वयनमा लैजान पहल गर्ने ।

१४.विश्वव्यापी रुपमा देखिएको कोरोना भाईरस (कोभिड–१९) को संक्रमण नियन्त्रण तथा व्यवस्थापनका लागि दोलखा जिल्लाका स्थानीय तहहरु बीच आवश्यक समन्वय, सहकार्य र सहयोगलाई जीवन्त राख्दै एकीकृत र समन्वयात्मक कार्यक्रमहरु सञ्चालन गर्दै थप प्रभावकारी बनाउन पहल गर्ने ।

१५."सम्वृद्ध दोलखा-सुखि दोलखाली" निर्माण गर्ने महान अभियानमा दोलखाका स्थानीय तहहरु क्रियाशिल भैरहेकोले यस कार्यमा आ-आफ्नो तर्फबाट मन, बचन र कर्मले सहयोग पुर्याउन संघ, प्रदेश तथा जिल्ला स्तरका सरकारी एवं गैरसरकारी संघ संस्था, निकाय, राजनैतिक दल, नागरिक समाज, पत्रकार, बुद्धिजिवी, कानुन व्यवसायी, शिक्षक, किसान, मजदुर, उद्योगी व्यवसायी लगायत सम्पुर्ण दोलखाबासी दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक आव्हान गर्ने।

१६.महिला जनप्रतिनिधीहरु तथा लक्षित महिला समुहको नेतृत्व क्षमता विकास गर्न, हिंसा पिडित महिलाहरुको आपतकालिन व्यवस्थापनको लागि स्थानीय स्तरमा कोषको व्यवस्थापन गर्ने नीति बनाई बजेट व्यवस्थापन गर्ने तथा देवानी र फौजदारी संहिता सम्बन्धमा महिला अगुवा/ अधिकारकर्मीहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गर्ने।

१७.सबै स्थानीय तहहरुले यसै आ.व. भित्र बालमैत्री, सडकमानवमुक्त र बालबिवाहमुक्त स्थानीय तह घोषणा गर्ने कार्ययोजना निर्माण गरी कार्यान्वन गर्ने।